बराहक्षेत्र नगरपालिकाको

# सार्वजनिक सुनुवाई कार्यक्रम

मिति : २०७५।०२।२७ गते

कार्यक्रम प्रतिवेदन

आर्थिक वर्ष : २०७४/०७५

प्रतिवेदन तयार गर्ने :

बराहक्षेत्र नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

चक्रघटी, सुनसरी

# सार्वजनिक सुनवाई कार्यक्रम

मिति : २०७५।०२।२७ गते

बराहक्षेत्र नगरपालिका र यस अन्र्तगतका विषयगत शाखाहरू कृषि विकास शाखा., शिक्षा शाखा, पशुसेवा शाखा, स्वास्थ्य शाखा, सहकारी शाखा र महिला तथा बालकालिका शाखा बाट स्थानीय सरकार संचालन ऐन २०७४ र नेपाल कानुन बमोजिम चालु आ.व.२०७४/७५ मा सम्पादन गरिएका कार्यक्रमहरूको सार्वजनिक सुनुवाई स्वीकृत निर्देशिका बमोजिम संचालन गरी आगामी दिनमा कार्यक्रमलाई अझै प्रभावकारी, पारदर्शी बनाउँदै जनताको प्रत्यक्ष सहभागिता र सार्वजनिक निकायको जवाफदेहितालाई सुनिश्चित गर्दै लैजानका निमित्त बराहक्षेत्र नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट यो कार्यक्रम आयोजना गरिएको छ ।

कार्यक्रम तालिका :

१. आसन ग्रहण :

क) सभापति : श्रीमान् प्रमुख ज्यु (निलम खनाल)
ख) प्रमुख अतिथि : श्रीमान् प्रमूख जिल्ला अधिकारी ( प्रेमप्रकाश उप्रेती)
ग) विशेष अतिथि : श्रीमान् उप प्रमुख ज्यु ( कमला मगर)
घ) विशष अतिथि : श्रीमान् जिल्ला समन्वय अधिकारी ज्यु (पुष्कर भट्टराई)
ङ) अतिथि : श्रीमान् प्रहरी निरिक्षक ज्यू (इ.प्र.का. महेनद्रनगर)
च) अतिथि : राजनैतिकदलका पदाधिकारीहरू (क्रमस :)

१ श्री केशव तिम्सिना : पुर्व नेकपा एमाले
२ श्री रत्न बहादुर राउत : नेपाली कांग्रेस
३. श्री राजन कटुवाल : पुर्व ए. नेकपा माओवादी केन्द्र
४. श्री ............... : रा.प्र.पा.
५. श्री ........... : संघीय समाजवादी फोरम नेपाल
६. पुर्व गाविस अध्यक्ष ज्यु : श्री बद्रीनाथ घिमिरे
७. श्री अच्युत प्रसाद दाहाल : प्रमुख प्रशासकिय अधिकृत

**७. वडा अध्यक्ष ज्यूहरु**

| | | | |
|---|---|---|---|
| १ | श्री सुरेश श्रेष्ठ | वडा अध्यक्ष | १ |
| २ | श्री हरिकृष्ण भट्टराई | वडा अध्यक्ष | २ |
| ३ | श्री रूद्र बहादुर दाहाल | वडा अध्यक्ष | ३ |
| ४ | श्री आशाराम चौधरी | वडा अध्यक्ष | ४ |
| ५ | श्री राजु अधिकारी | वडा अध्यक्ष | ५ |
| ६ | श्री उद्धव प्रसाद पोखरेल | वडा अध्यक्ष | ६ |
| ७ | श्री वीर बहादुर लिम्बु | वडा अध्यक्ष | ७ |
| ८ | श्री फणिन्द्र प्रसाद भट्टराई | वडा अध्यक्ष | ८ |
| ९ | श्री दिपक कुमार लिम्बु | वडा अध्यक्ष | ९ |
| १० | श्री महेन्द्र बाहादुर खत्री | वडा अध्यक्ष | १० |
| ११ | श्री केदार विष्ट | वडा अध्यक्ष | ११ |

- **कार्यक्रमको सहजकर्ता : श्री मुरारी सुवेदी ज्यु**

८. सम्पुर्ण कार्यपालिका सदस्य ज्यु र वडा सदस्य ज्यूहरु :

**९. संघ संस्थाका प्रमुख एवं प्रतिनिधी**

क) क्याम्पस प्रमुख/ प्रतिनिधी ज्यु एंव विद्यालयका प्र.अ./प्रतिनिधी ज्यूहरु,
ख) नागरिक समाजका प्रतिनिधि ज्यूहरु :
ग) सहकारी समन्वय समिति प्रमुख/प्रतिनिधी ज्यू
घ) उधोग बाणिज्य संघ महेन्द्रनगर, सुनसरी
ङ) निर्माण व्यावसायी संघ : प्रमुख/प्रतिनिधी ज्यू
च) लायन्स कल्बका प्रमुख/प्रतिनिधी ज्यू
छ) आदीवासी, जनजाती समन्वय समितिका अध्यक्ष वा प्रतिनिधी ज्यू
ज) दलित समन्वय समितिका अध्यक्ष वा प्रतिनिधी ज्यू
झ) अपागं समन्वय समितिका अध्यक्ष वा प्रतिनिधी ज्यू
ञ) ओ.बि.सी. (पिछडा वर्ग समन्वय समिति) का अध्यक्ष वा प्रतिनिधी ज्यू
ट) गैसस संस्था का अध्यक्ष वा प्रतिनिधी ज्यू
ठ) बालअधिकार संजाल का अध्यक्ष वा प्रतिनिधी ज्यू
ढ ) साना किसान सहकारी संस्था लि. अध्यक्ष वा प्रतिनिधी ज्यू
ण) जेष्ठ नागरिक समन्वय समिति अध्यक्ष वा प्रतिनिधी ज्यू
त) प्रत्रकार ज्यूहरु
थ) हाम्रा निमन्त्रनालाई स्वीकार गरि पाल्नु हुने र सम्बोधन गर्न छुटुनु भएका बुद्धीजिवीहरु वा उपस्थीत सबैलाई

१०. ) यस न.पा.को विभिन्न शाखाका प्रमूखहरु :

1. शिक्षा शाखा प्रमखु ज्यु : उप सचिव : डिल्लीराम अधिकारी
2. लेखा शाखा प्रमुख : हिमाल श्रेष्ठ
3. कृषि विकास शाखा : रेवतिरमण दाहाल
4. पशु सेवा शाखा : केशव श्रेष्ठ
5. स्वास्थ्य शाखा : उमेश मेहता
6. सहकारी शाखा : सुमण पौडेल

लगायत सम्पुर्ण यस कार्यालयका कर्मचारी साथीहरु

१०. कार्यक्रको स्वागत एंव उद्देश्य माथी प्रकाश : प्रमुख प्रशासकिय अधिकृत ज्यूबाट
४. कार्यक्रमको सहजीकरण गर्ने लाई फ्लोर हस्तान्तरण : ................................

५. समापन :

क) सहभागी संस्थाको तर्फबाट : एक जना
ख) वडा अध्यक्षको तर्फबाट : एक जना
ग) राजनैतिक दलहरुको तर्फबाट : .................
घ) विशेष अतिथि : श्रीमान् जिल्ला समन्वय अधिकारी ज्यु
ङ) प्रमूख अतिथि ज्यू : श्रीमान् प्रमूख जिल्ला अधिकारी ज्यू
च) समापन मन्तव्य : कार्यक्रम अध्यक्ष एंव नगर प्रमुख ज्युबाट

# बराहक्षेत्र नगरपालिका

# सार्वजनिक सुनुवाई

## मिति ०७५।०२। २७ गते ः

सहभागिहरुबाट प्राप्त गुनासो र सुझावहरु

## प्रश्नकर्ता र सुझावदाता ः

| सिन | नाम | ठेगना | प्रशन जिज्ञासा |
|---|---|---|---|
| १ | मातृका दाहाल | वडा ५ | प्राविधिक शाखामा न्युन कर्मचारी भएका कारण काम लिन ज्यादै कठिनाई भएको । म जस्तालाई त काम लिन १७ पटक धाउनु परेको छ भने अन्यको हालत के होला । |
| २ | टेक बाहादुर घिमिरे | वडा ६ | सूचनाको हक सम्बन्धमा के गरिएको छ सूचना अधिकारी •ताकिएको छ छैन • |
| ३ | केदारबहादुर अधकारी | वडा ८ | सुनसरी मोरगं सिचाई अयोजनाले धानके बिउ राख्ने समयमा नहरको पानी छोडेको छैन वाली लगाउन कठिनाई भएको छ ।पानी पोत तिरेको छ । • हिउँदमा पानी हुँदैन । नहर मर्मतको कार्य भर्खर शूरु भएको छ । हिउँदमा पनि पानी आउने वातावरण बनाउनु पर्यो । यो विषय कसले हेर्ने हो • |
| ४ | योमराज श्रेष्ठ | वडा ६ | बजारक्षेत्र डुबान भई रहेको छ डुबान समस्या समाधान का लागि योजना बनाउनु पर्यो • होली खोलामा कल्भर्ट बनाउने योजना छ छैन • |
| ५ | दुर्गा खडका | वडा ७ | वडा नं ७ को बाटोमा बजेट थप गर्नु पर्यो । |
| ६ | पदम माझी | वडा ४ | सर्दु खोलामा सानो पुल अवश्यक छ । कलाबञ्जर जोडने सडक बनाउनु पर्नैछ । पुलमा बजेट थप गर्नु पर्छ । |
| ७ | मदन अधकारी | वडा ९ | कर्मचारीले अनियमितता गरेको छ त्यसता भ्रष्ट कर्मचारीहरु कानुनी दायरामा किन ल्याईएन होर्डिगंबोडको लागि बजेट विनियोजन भए पनि • • कार्यान्वियन भएन |
| ८ | कृष्ण भट्टराई | पत्रकार | सूचनाको हक पाउने व्यवस्था भए पनि हाल सम्म उपभेग गर्न पाईएन । कार्यालयले ३- ३ महिनामा सुचना प्रकाशन गरि सार्वजनिक गर्नु पर्नेमा कर्यालयले किन प्रकाशन गरेको छैन • |
| ९ | मानव क्षेत्री | | सामिजक सुरक्षा भत्ता मासिक रुपमा सहज ढंगले पाउनु पर्यो । |
| १० | सुवोध डोटेल | वडा ६ | शिवालय जितपुर बाटो ग्राभेल मर्मत वार्षिक रुपमा गरिने तर स्थायी र दिगो रुपमा काम भएन बसपार्क अव्यवस्थित छ व्यवस्थित बनाउनु पर्यो • । कृषि क्षेत्रको विकास र औधोगिकीकरण गर्नू पर्नै । |
| ११ | पदम बहादुर श्रेष्ठ | | सर्दुखोलाको पानी बाढी वर्षायाममा गाउँभित्र पस्ने हुँदा खोला नियन्त्रणका लागि स्थानीय तह, प्रदेश सरकार वा केन्द्रिय सरकार कसले कसरी सामाधान गर्ने हो गिर दिनु पर्यो । |
| १२ | दुर्गा बुढाथेकी | वडा २ | वडा न २ को एलानी जग्गाको समस्या छ व्यवस्थापन कसरी गर्ने हो • |

**<u>प्रमुख जिल्ला अधिकारी ज्युबाट शुभकामना मन्तव्य ः</u>**

सार्वजनिक सुनुवाई अत्यन्तै महत्वपुर्ण कार्यक्रम हो । यो कार्यक्रम संचालन गरेकोमा नगरपालिका परिवारलाई धन्वाद ज्ञापन गर्दछु । जिल्ला स्तरबाट सम्पादन हुने कार्यका लागि हामी सहयोग गर्न सदैव तत्पर रहेका छौं । कानुन बमोजिम हुने कामका सन्दर्भमा विना हिचकिचाहट □□□□ राख्न सक्नु हुनेछ । सुनसरी मोरगं सिंचाई आयोजनाले नहरमा पानी छोडने विषयमा सम्बिन्ध कार्यालयका प्रमुखसंग म आजै कुरा गर्ने प्रतिबद्धता जाहेर गर्दछु । सुशासन प्रवर्द्धन र विकृतिको न्युनीकरणका लागि यहाँहरुके इमान्दारी पुर्वक साथ सहयोगको अपेक्षा गर्दछु । आफु पनि स्थानीय भएको नाताले आफ्नो जिल्लालाई सुन्दर र राम्रो बनाउन खोजेको छु ।

## नगर प्रमुख ज्युबाट उठेका विषयहरु उपर जवाफ र प्रतिक्रिया ।

१ प्राविधीकको विषय समयतालिका निर्धारण सहित टाँस गर्ने प्रतिवद्धता व्यक्त ।
२ सूचना अधिकारी तोकि सकिएको जानकारी
३ बजेट थपको विषयमा वडाको योजना प्रसताव भईसकेपछि थप गर्ने तर्फ वचार गरिने प्रतिवद्धता ।
४ कर्मचारिले अनियमितता गरेको विषय स्पष्ट रुपमा आउनु पर्यो । सबै कर्मचारी भ्रष्ट हुँदैन । अनिमियतता गर्ने कर्मचारीलाई कानुन बमिजम कार्वाही हुन्छ ।
५ सूचनाको हकबाट कसैलाई बिञ्चित गरिने छैन । नगरपालिकाको तर्फबाट आवश्यक व्यवस्था मिलाई राखिएको छ । संघीयता नयाँ उचित प्रयोग भएकोले केही लागि केही समस्या छन । हामी व्यवस्थीत गर्ने नै छौं ।
६ नागिरक वडापत्र र होर्डिगं बोर्ड राखिने छ ।
७ सामिजक सुरक्षा भत्ता वितरणमा अनियमितता नहोस भन्नका लागि सम्बन्धित लाभग्राहीहरुको बैंकमा खाता खोली बैंक मार्फत चौमासिक रुपमा वितरण गर्नै कार्यलाई निरन्तरता प्रदान गरिने छ ।
८ सचालन भईरहेका योजनाहरु दिगो हुने गरी कार्यान्वयन गरिएको छ । कथंकदचित विग्रे भत्के पुननिर्माण गर्नुको ः विकल्प छैन ।
९ तपाईहरुबाट प्राप्त सुझावहरुलाई सम्पत्तीको रुपमा ग्रहण गरिएको छ ।
१० यो नगर तपाई हाम्रो हो । यसको विकास र समृद्धिका लागि सबैले सोचौं ।
११ नगरमा उपलब्ध साधन स्रोतको उच्चतम उपयोग गरी नगरको मुहार फेर्ने सकल्प हामीले लिएका छौं । यस कार्यमा सम्पूर्ण नगरवासीहरुको साथ र सहयोगको अपेक्षा राखिएको छ ।

समापन कार्यक्रम ः
१ जेष्ठ नागरिक समन्वय समिति अध्यक्ष यसराज दाहाल ः
- मेयरसाब बाट उठेका जिज्ञासाको सम्बोधन भएको ।
- सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण भए हामीलाई सहज हुने ।
- हाम्रो नयाँ नगरपिलका राम्रो छ ।

२ वडा ८ अध्यक्ष फणिन्द्र भट्टराई ः
- निर्वाचन पश्चात कर्मचारीहरुको अभावमा दैनिक कार्य सम्पादनका अलावा कानुन बमोजिमको काम सम्पादन गर्न कठिनाई र ढिलाई भएको ।
- हामीले निर्वाचनमा गरेका प्रतिवद्धता अवश्य पुरा गर्ने छौं ।
- तत्काल कार्य सम्पादन गर्नु पर्ने सेवा ग्राहीको चाहना प्रकृयागत कुराले ढिलाई हुन जाने भएको हुँदा कर्मचारी र हामी मिलेर समाधान गर्नेछौं ।

उप प्रमुख कमला मगर ज्यु ः
- राज्य एकात्कम प्रणालीबाट संघीयतामा प्रवेश गरेको अवस्थाले गर्दा केहि अलमल भएको ।
- सार्वजनिक सवालमा काम गर्दे सहभागिता र प्राकृतिक श्रोतको उपयोगबाट गौरवका योजना कार्यान्वयन गरी समृद्धिको चाहना पुरा गर्न सकिन्छ ।
- न्यायिक समितिबाट कार्य सम्पादन गर्दा समस्या धेरे भएको अनुभाव आफुले गरेको ।
- प्राप्त मुद्दाहरु अधिकतम मिहला हिंसाको रहेको पाइएको । यसको करण समाजमा चेतनाको कमी रहेको छ ।
- महिलालाई मनोरञ्जनको रुपमा प्रयोग गर्ने गरिएको । होर्डिगं बोर्ड र ः उदाहरणका लागि॰ . विज्ञापनमा
- पुरानो सौंच महिलाले घरको काम र पुरुषले बाहिरको काम गर्ने सौंच ।
- मिलापत्र भएका विवादहरु
- अनुगमन समितिको कामकाजहरुको चाप र तोकिएको कार्य सूचीका कारण केही ढिलाइ भएको ।

- महिलाहरुले आशा अपेक्षागरे अनुरुप कार्यक्रमहरु संचालन हुन नसकेको ।
- यस किसिमको कार्यक्रम वर्षमा प्रत्येक चौमिसकमा पर्ने गरि ४ पटक हुनु पर्नेमा जोड ।
- सल्लाह सुझावका लगि हामी सदैव तयार रहेको भन्ने धरणा व्यक्त ।

अन्तमा

सभा अध्यक्ष एंव नगर प्रमुख ज्युबाट अव्यवस्थित वसोवासीलाई व्यविस्थत गराइनेछ भन्ने प्रतिवद्धता व्यक्त गर्नुका साथै यसरी टन्टलापुर घामको प्रवाह नगरी यस सर्वजनिक सुनुवाई कार्यक्रममा प्रश्न, जिज्ञासा र सुझाव राख्ने सबै महानुभावहरुलाई धन्वाद र अभार प्रकट गर्दै कार्यक्रम समापन भएको जानकारी घोषणा गर्नु भयो ।

कार्यक्रमको केही झलकहरु













